नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
# स्वास्थ्य सेवा विभाग
## प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा

☎ ४१०००८०
फ्याक्स : ४१०००५२
E-mail: phcrd.teku@gmail.com
website: www.phcrd.gov.np
पचली, टेकू
काठमाडौं,

पत्र संख्या :- ०७३/७४
चलानी नम्बर: 386

मितिः २०७३।१०।१४

**विषयः औषधी खरिद तथा वितरण वारे ।**

श्री जिल्ला स्वास्थ्य /जन स्वास्थ्य कार्यालयहरु (७५) ।

कुनै पनि स्वास्थ्य संस्थामा अत्यावश्यक औषधीको अभाव हुन नदिन सवै जिल्ला स्वास्थ्य /जन स्वास्थ्य कार्यालयलाई औषधी खरिद तथा वितरण बारे पटक पटक पत्राचार गरिएको र प्राय सवै जिल्लावाट खरिद प्रकृया सुरु गरिसकेको जवाफ गत मंसिर महिनामा नै प्राप्त भएको थियो । तर धेरै जिल्लाका स्वास्थ्य संस्थामा अत्यावश्यक औषधी नभएको विषयमा पत्र पत्रिकामा समाचारहरु आई रहेको कारण तत्काल निम्न कुराहरु गर्न गराउन हुन जानकारी गराइन्छ ।

१. खरिद प्रकृया पुरा भै औषधी प्राप्त गरिसकेका जिल्लाले तत्काल समूदाय स्तर सम्मका स्वास्थ्य संस्थामा वितरणको व्यवस्था मिलाउने ।
२. खरिद प्रकृया अनुसार औषधी प्राप्त हुन वाँकी भएका जिल्लाहरुले हाल संशोधित सावर्जनिक खरिद ऐन बमोजिम रु. ५०००००।- पाँच लाख सम्मको रकमवाट सोझै खरिद गरि औषधी अभाव हुन नदिने ।
३. खरिद प्रकृया पुरा भै पहिलाकै रकम बाँकी भएका जिल्लाले पुनः टेण्डर वा कोटेशन प्रक्रिया शुरु गरि हाल्ने ।
४. औषधी खरिद भएको तर नपुग हुने अवस्था देखिएमा स्वास्थ्य मन्त्रालय/प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखामा माग गरि पठाउने ।
५. जिल्लाको औषधी खरिद/वितरण तथा वास्तविक अवस्थाको वारेमा आगामी हप्ताको मंगलवार (२०७३।१०।१८) सम्म पत्रकार सम्मेलन वा अन्तरकृया गराई त्यसको जानकारी स्वास्थ्य सेवा विभाग प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखामा पठाउने ।

'१०।१४
............................
(डा. राजेन्द्र पन्त)
महानिर्देशक

बोधार्थ
श्री क्षेत्रीय स्वास्थ्य निर्देशनालय
पोखरा, कास्की

PHCRD android app is accessible from Google play store
(PHCRD android app गुगल प्ले स्टोरबाट डाउनलोड गर्न सकिने छ) ।